# PAPER-II
# NEPALI

**Signature and Name of Invigilator**

1. (Signature) __________________________

   (Name) ____________________________

2. (Signature) __________________________

   (Name) ____________________________

OMR Sheet No. : ..............................................

(To be filled by the Candidate)

Roll No. | | | | | | | | |

(In figures as per admission card)

Roll No.________________________________

(In words)

**D 3 4 1 4**

Time : **1 $^1/_4$** hours] [Maximum Marks : **100**

Number of Pages in this Booklet : **12** Number of Questions in this Booklet : **50**

## Instructions for the Candidates

1. Write your roll number in the space provided on the top of this page.
2. This paper consists of fifty multiple-choice type of questions.
3. At the commencement of examination, the question booklet will be given to you. In the first 5 minutes, you are requested to open the booklet and compulsorily examine it as below :
   (i) To have access to the Question Booklet, tear off the paper seal on the edge of this cover page. Do not accept a booklet without sticker-seal and do not accept an open booklet.
   (ii) **Tally the number of pages and number of questions in the booklet with the information printed on the cover page. Faulty booklets due to pages/questions missing or duplicate or not in serial order or any other discrepancy should be got replaced immediately by a correct booklet from the invigilator within the period of 5 minutes. Afterwards, neither the Question Booklet will be replaced nor any extra time will be given.**
   (iii) After this verification is over, the OMR Sheet Number should be entered on this Test Booklet.
4. Each item has four alternative responses marked (A), (B), (C) and (D). You have to darken the circle as indicated below on the correct response against each item.
   **Example :** Ⓐ Ⓑ ● Ⓓ
   where (C) is the correct response.
5. Your responses to the items are to be indicated in the **OMR Sheet given inside the Paper I Booklet only.** If you mark at any place other than in the circle in the OMR Sheet, it will not be evaluated.
6. Read instructions given inside carefully.
7. Rough Work is to be done in the end of this booklet.
8. If you write your Name, Roll Number, Phone Number or put any mark on any part of the OMR Sheet, except for the space allotted for the relevant entries, which may disclose your identity, or use abusive language or employ any other unfair means such as change of response by scratching or using white fluid, you will render yourself liable to disqualification.
9. You have to return the test question booklet and Original OMR Sheet to the invigilators at the end of the examination compulsorily and must not carry it with you outside the Examination Hall. You are, however, allowed to carry original question booklet and duplicate copy of OMR Sheet on conclusion of examination.
10. **Use only Blue/Black Ball point pen.**
11. **Use of any calculator or log table etc., is prohibited.**
12. **There is no negative marks for incorrect answers.**

## परीक्षार्थियों के लिए निर्देश

1. इस पृष्ठ के ऊपर नियत स्थान पर अपना रोल नम्बर लिखिए ।
2. इस प्रश्न-पत्र में पचास बहुविकल्पीय प्रश्न हैं ।
3. परीक्षा प्रारम्भ होने पर, प्रश्न-पुस्तिका आपको दे दी जायेगी । पहले पाँच मिनट आपको प्रश्न-पुस्तिका खोलने तथा उसकी निम्नलिखित जाँच के लिए दिये जायेंगे, जिसकी जाँच आपको अवश्य करनी है :
   (i) प्रश्न-पुस्तिका खोलने के लिए उसके कवर पेज पर लगी कागज की सील को फाड़ लें । खुली हुई या बिना स्टीकर-सील की पुस्तिका स्वीकार न करें ।
   (ii) **कवर पृष्ठ पर छपे निर्देशानुसार प्रश्न-पुस्तिका के पृष्ठ तथा प्रश्नों की संख्या को अच्छी तरह चैक कर लें कि ये पूरे हैं । दोषपूर्ण पुस्तिका जिनमें पृष्ठ/प्रश्न कम हों या दुबारा आ गये हों या सीरियल में न हों अर्थात् किसी भी प्रकार की त्रुटिपूर्ण पुस्तिका स्वीकार न करें तथा उसी समय उसे लौटाकर उसके स्थान पर दूसरी सही प्रश्न-पुस्तिका ले लें । इसके लिए आपको पाँच मिनट दिये जायेंगे । उसके बाद न तो आपकी प्रश्न-पुस्तिका वापस ली जायेगी और न ही आपको अतिरिक्त समय दिया जायेगा ।**
   (iii) इस जाँच के बाद OMR पत्रक की क्रम संख्या इस प्रश्न-पुस्तिका पर अंकित कर दें ।
4. प्रत्येक प्रश्न के लिए चार उत्तर विकल्प (A), (B), (C) तथा (D) दिये गये हैं । आपको सही उत्तर के वृत्त को पेन से भरकर काला करना है जैसा कि नीचे दिखाया गया है ।
   **उदाहरण :** Ⓐ Ⓑ ● Ⓓ
   जबकि (C) सही उत्तर है ।
5. प्रश्नों के उत्तर **केवल प्रश्न पत्र I के अन्दर दिये गये OMR पत्रक पर ही** अंकित करने हैं । यदि आप OMR पत्रक पर दिये गये वृत्त के अलावा किसी अन्य स्थान पर उत्तर चिह्नांकित करते हैं, तो उसका मूल्यांकन नहीं होगा ।
6. अन्दर दिये गये निर्देशों को ध्यानपूर्वक पढ़ें ।
7. कच्चा काम (Rough Work) इस पुस्तिका के अन्तिम पृष्ठ पर करें ।
8. यदि आप OMR पत्रक पर नियत स्थान के अलावा अपना नाम, रोल नम्बर, फोन नम्बर या कोई भी ऐसा चिह्न जिससे आपकी पहचान हो सके, अंकित करते हैं अथवा अभद्र भाषा का प्रयोग करते हैं, या कोई अन्य अनुचित साधन का प्रयोग करते हैं, जैसे कि अंकित किये गये उत्तर को मिटाना या सफेद स्याही से बदलना तो परीक्षा के लिये अयोग्य घोषित किये जा सकते हैं ।
9. आपको परीक्षा समाप्त होने पर प्रश्न-पुस्तिका एवं मूल OMR पत्रक निरीक्षक महोदय को लौटाना आवश्यक है और परीक्षा समाप्ति के बाद उसे अपने साथ परीक्षा भवन से बाहर न लेकर जायें । हालांकि आप परीक्षा समाप्ति पर मूल प्रश्न-पुस्तिका तथा OMR पत्रक की डुप्लीकेट प्रति अपने साथ ले जा सकते हैं ।
10. **केवल नीले/काले बाल प्वाईंट पेन का ही इस्तेमाल करें ।**
11. **किसी भी प्रकार का संगणक (कैलकुलेटर) या लाग टेबल आदि का प्रयोग वर्जित है ।**
12. **गलत उत्तरों के लिए कोई नकारात्मक अंक नहीं हैं ।**

**NEPALI**
**नेपाली**
**PAPER – II**
**प्रश्नपत्र – II**

**Note :** This paper contains **fifty (50)** objective type questions, each question carrying **two (2)** marks. Attempt **all** the questions.

**द्रष्टव्य** : यस प्रश्नपत्रमा **पचासवटा (50)** बहु-विकल्पी प्रश्न छन् । प्रत्येक प्रश्न **दुई** (2) अङ्कको छ । **सबै** प्रश्नका उत्तर लेख्नु अनिवार्य छ ।

**1.** रिचर्ड्सले काव्यगत अनुभूतिको विश्लेषणका निम्ति तयार पारेको ग्राफिक चित्रमा 'अभिवृत्ति' कस्तो अभिप्राय हो ?

(A) मनोबिम्बात्मक ।

(B) दृश्य संवेदात्मक ।

(C) संवेगात्मक ।

(D) रागात्मकल्पात्मक ।

**2.** "परम्परा मानिसभन्दा ठुलो होइन । ....परम्परा मानवप्रगतिको बाटोमा कति विषाक्त र घातक सिद्ध हुँदै गइरहेको छ । हामीले त्यसलाई संशोधन मात्र गर्ने होइन जरादेखि निमोठेर फाल्नुपर्छ ।" - यस भनाइले कुन साहित्यिक वाद वा आन्दोलनको प्रतिनिधित्व गर्दछ ?

(A) तेस्रो आयाम ।

(B) अमलेख ।

(C) राल्फा ।

(D) सर्वनाम ।

**3.** 'सर्वरसानां शान्तप्रायः ऐवास्वादः' भनेर शान्तलाई प्रमुख रस मान्ने आचार्य को हुन् ?

(A) अभिनव गुप्त ।

(B) उद्भट ।

(C) धनञ्जय ।

(D) शारदातनय ।

**4.** अभिनव गुप्तले रसको व्याख्या कुन दार्शनिक आधारबाट गरेका छन् ?

(A) साङ्ख्य ।

(B) न्याय ।

(C) अद्वैत ।

(D) मीमांसा ।

5. "शर्माज्यूको क्रान्तिकारी भन्नाको अर्थ ती कविताहरू आफै क्रान्तिका द्योतक भएर होइन, एक नवीन, विरोधी र मुक्तिद्योतक भएकोले हो भन्ने उहाँका प्रत्यालोचनाहरूबाट स्पष्ट हुन्छ।"
- रामकृष्ण शर्माको लेखका सन्दर्भमा यस्तो मन्तव्य प्रकट गर्ने समालोचक को हुन् ?
(A) रत्नध्वज जोशी।
(B) कृष्णचन्द्रसिंह प्रधान।
(C) गुमानसिंह चामलिङ।
(D) तारानाथ शर्मा।

6. "नष्ट भो घामले गर्दा हवाको शीतलोपन
रहन्थ्यो क्रोधका सामू दयाको आँकुरो किन ?"
- यस कवितांशमा पाइने अलङ्कार कुन हो ?
(A) अर्थान्तरन्यास।
(B) भ्रान्ति।
(C) समासोक्ति।
(D) अपह्नुति।

7. नेपाली लोकगीत र लोकसाहित्यबारे नेपाली भाषामा लेखिएका लेखहरूको पहिलो सङ्कलन कुन हो ?
(A) सत्यमोहन जोशीको 'हाम्रो लोकसंस्कृति'।
(B) पारसमणि प्रधानको 'लोकगीत'।
(C) काजीमान कन्दङ्वाको 'नेपाली जनसाहित्य'।
(D) एम एम गुरुङको 'बिर्सिएको संस्कृति'।

8. भाषाका आनुभविक, तार्किक, अन्तर्वैयक्तिक र पाठात्मक गरी चारवटा कार्यमूलक घटकहरू हुन्छन् भन्ने मत कुन भाषाविज्ञानीले व्यक्त गरेका हुन् ?
(A) अभ्राम नोअम चम्स्की।
(B) केनेथ ली पाइक।
(C) एम ए के ह्यालिडे।
(D) चार्ल्स जे फिल्मोर।

9. 'गर्दछ', 'भन्दछ', 'बस्तछ', 'लेख्तछ' जस्ता नेपाली क्रियापदभित्र आउने 'द' र 'त' कस्ता रूप हुन् ?
(A) शून्य रूप।
(B) मुक्त रूप।
(C) रिक्त रूप।
(D) मिश्र रूप।

10. 'वर्ण भनेका विभेदक अभिलक्षणका समूह हुन्' भन्ने मत कसले व्यक्त गरेका हुन् ?
(A) ल्योनार्द ब्लुमफिल्ड ।
(B) रोमन याकोब्सन ।
(C) जे आर फर्थ ।
(D) नोअम चम्स्की ।

11. पदबन्ध वा पदावलीका घटकहरू कुन- कुन हुन् ?
(A) विशेषण र विशेष्य ।
(B) कर्त्ता, कर्म, क्रियापद ।
(C) उद्देश्य र विधेय ।
(D) शीर्ष, विशेषक र पूरक ।

"कवि दार्शनिक भयो भने त्यो स्वर्गसम्म उड्न सक्तैन भन्नेहरूका आलोचनाको प्रहार जति जति ममा पर्दै गयो उति उति मेरो स्वर्गतिर उड्ने विश्वास हराउँदै गयो, यस धरतीमाथिको विश्वास बढ्दै गयो, स्पष्टसित सम्झूँ भने म अध्यात्मवादीहरूका सद्भावनासहित भौतिकवादी बन्दै गएँ, विशुद्ध भौतिकवादी होइन ।"

12. यो भनाइ कसको हो ?
(A) बालकृष्ण सम ।
(B) ओकिउयामा ग्वाइन ।
(C) पारिजात ।
(D) कृष्णचन्द्रसिंह प्रधान ।

13. उपर्युद्धृत भनाइ कुन ग्रन्थबाट लिइएको हो ?
(A) भन्ज्याङनेर ।
(B) सुनाखरी ।
(C) लाली गुराँस धूप्पी र सल्लाहरू ।
(D) मेरो कविताको आराधन -२ ।

14. "प्रत्येक पुष्पको रूप, रेखा, रङ्ग अनेक छन् ।
तर सौन्दर्यको ज्योति उनमा भित्र एक छ ॥"
- यस कविताांशमा रहेको अलङ्कार कुन हो ?
(A) दीपक ।
(B) दृष्टान्त ।
(C) समासोक्ति ।
(D) स्वभावोक्ति ।

**15.** कुन-कुन आचार्यहरू कुन-कुन सम्प्रदायसँग सम्बन्धित छन् ? सही उत्तर चिन्हित गर्नुहोस् ।

| | **आचार्य** | | **सम्प्रदाय** |
|---|---|---|---|
| क. | यास्क | (i) | औचित्यप्राधान्यवाद । |
| ख. | वामन | (ii) | वक्रोक्तिप्राधान्यवाद । |
| ग. | क्षेमेन्द्र | (iii) | अलङ्कारप्राधान्यवाद । |
| घ. | कुन्तक | (iv) | रीतिप्राधान्यवाद । |

(A) क-(ii), ख-(i), ग- (iv), घ-(iii)
(B) क-(ii), ख-(iii), ग-(iv), घ-(i)
(C) क-(iii), ख-(iv), ग- (i), घ-(ii)
(D) क-(iii), ख-(iv), ग-(ii), घ-(i)

**16.** "झोलीको कनिका प्रशान्त मनले मर्मर् चपाईकन ।
कुर्कुर ढुक्कुर झैँ रमी हृदयले योगी डुलून् कानन् ॥"
- यस श्लोकमा उल्लेख गरिएको 'झोलिको कनिका' शब्दावलीले कुन मिथकीय सन्दर्भ ध्वनित गर्दछ ?
(A) श्रवणकुमारको माता-पितासँग तीर्थाटन ।
(B) राजा हरिश्चन्द्रको मसानघाटको जागिरी ।
(C) कुबेरद्वारा अभिशप्त यक्षको स्थिति ।
(D) कृष्ण-सुदामा भेट ।

**17.** 'भानुभक्तको 'रामायण' ग्रीकहरूको 'इलियड' र 'ओडेस्सी' झैँ नेपालीहरूको जातीय महाकाव्य भएको छ ।'
- यो कसको कथन हो ?
(A) मृगेन्द्रशमशेर ज ब रा ।
(B) सूर्यविक्रम ज्ञवाली ।
(C) बालचन्द्र शर्मा ।
(D) कुमार प्रधान ।

**18.** लक्ष्मीप्रसाद देवकोटाको 'प्रमिथस' महाकाव्य कुन विदेशी कृतिबाट बढी प्रभावित छ ?
(A) शेलीको 'प्रमेथियस अनबाउन्ड' ।
(B) बायरनको 'ओड टु प्रमेथियस' ।
(C) एस्किलसको 'प्रमेथियस बाउन्ड' ।
(D) टेनिसनको 'युलिसिस' ।

**19.** "सम्पूर्ण इतिहास समसामयिक इतिहास हुन्छ ।"
- यो कसको मन्तव्य हो ?
(A) कलिङ्उड ।
(B) क्रोचे ।
(C) मार्क्स ।
(D) वाल्स ।

20. रूपनारायणसिंहको 'भ्रमर' -लाई "रैथाने नेपाली समाजको प्रथम दिग्दर्शन" मान्ने समालोचक को हुन् ?

(A) ईश्वर बराल ।

(B) इन्द्रबहादुर राई ।

(C) रामकृष्ण शर्मा ।

(D) गणेशलाल सुब्बा ।

21. 'सुनकेशी मैयाँको कथा'-मा कुन किसिमको विवाहलाई निषेध गर्ने विचार उपस्थापन गरिएको छ ?

(A) अपहरण विवाह ।

(B) हाडनाता विवाह ।

(C) यक्ष विवाह ।

(D) गान्धर्व विवाह ।

22. तलको कुन सूचना सही हो ?

(A) धनवीर मुखियाको 'रुक्मिणि हरण' गोर्खा थियट्रिकल पार्टीले मञ्चन गरेको हो ।

(B) पहलमानसिंह स्वाँरको 'अटलबहादुर' चिल्ड्रेन्स एम्युजमेन्ट एसोसिएसनले मञ्चन गरेको हो ।

(C) हस्तलाल गिरीको 'कञ्जुसको धन' गोर्खा नेसनल थियट्रिकल पार्टीले मञ्चन गरेको हो ।

(D) जेम्स डनको 'सिन्ड्रेला' चिल्ड्रेन्स एम्युजमेन्ट एसोसिएसनले मञ्चन गरेको हो ।

23. 'डबली' भनेको के हो ?

(A) नाचगान, नाटक आदि देखाउने खुल्ला मण्डप ।

(B) घोडदौड मैदान ।

(C) यात्रुहरूको निम्ति तयार गरिएको धर्मशाला ।

(D) मल्लयुद्धको निम्ति निर्मित अखाडा ।

24. "लाहुरेको रेलिमाई फेशनै राम्रो
रातो रुमाल रेलिमाई खुकुरी भिरेको ।"

– यस गीतका गीतकार को हुन् ?

(A) बहादुरसिंह बराल ।

(B) मित्रसेन थापा ।

(C) धर्मराज थापा ।

(D) महानन्द सापकोटा ।

**25.** कुन-कुन आचार्यले काव्यका लक्षण के-के बताएका छन् ? सही उत्तर चिन्हित गर्नुहोस् ।

| आचार्य | | काव्यका लक्षण | |
|---|---|---|---|
| क. | भामह | (i) | शब्दार्थौ निर्दोषौ प्रायःसालङ्कारौ काव्यम् । |
| ख. | मम्मट | (ii) | शब्दार्थौ सहितौ काव्यम् । |
| ग. | रुद्रट | (iii) | तददोषौ शब्दार्थौ सगुणावलङ्कृती पुनः क्वापि । |
| घ. | वाग्भट | (iv) | ननु शब्दार्थौ काव्यम् । |

(A) क-(iii), ख-(i), ग-(iv), घ-(ii)

(B) क-(ii), ख-(iii), ग-(iv), घ-(i)

(C) क-(iv), ख-(iii), ग-(i), घ-(ii)

(D) क-(ii), ख-(iv), ग-(i), घ-(iii)

**26.** सिक्किमबाट प्रकाशित पहिलो काव्यकृति 'ज्ञानविनोद' (ई. १९४४)- का रचनाकार को हुन् ?

(A) तुलसी अपतन ।

(B) मनोरथ दाहाल ।

(C) चन्द्रदास सापकोटा ।

(D) पदमसिंह सुब्बा ।

**27.** "म राजनीतिमा राजतन्त्रवादी, धर्ममा एङ्लो-क्याथलिक र साहित्यमा क्लासिकल हुँ ।"
- यो कसको मन्तव्य हो ?

(A) टी एस इलियट ।

(B) एज्रा पाउन्ड ।

(C) सेक्सपिअर ।

(D) क्रोचे ।

**28.** शृङ्खलित इतिवृत्त नभएको, परस्पर निरपेक्ष भएका श्लोकहरूको समुदाय बनेको र केही वर्णनात्मक भएको काव्यलाई कस्तो काव्य भनिन्छ ?

(A) चम्पूकाव्य ।

(B) विरुदकाव्य ।

(C) कोषकाव्य ।

(D) करम्भककाव्य ।

**29.** नेपाली साहित्यमा कसले कुन पत्रिकाको भाषालाई "काशीभाषे बोली" भनी टिप्पणी गरेका थिए ?

(A) गङ्गाप्रसाद प्रधानले 'चन्द्रिका'-को भाषालाई ।

(B) पारसमणि प्रधानले 'चन्द्र'-को भाषालाई ।

(C) सूर्यविक्रम ज्ञवालीले 'माधवी'-को भाषालाई ।

(D) धरणीधर कोइरालाले 'सुन्दरी'-को भाषालाई ।

**30.** पूर्वीय मान्यताअनुसार 'इतिहास'-लाई के भनिएको छ ?

(A) प्रकरणिका ।

(B) प्रकान्त ।

(C) पुरावृत्त ।

(D) प्रतिरूपक ।

**31.** भ्लादिमिर प्रोपअनुसार प्रकार्यहरू निर्धारण भएपछि कथामा ती कुन क्रममा आउँछन् ?

(A) वृत्यात्मक ।

(B) अग्रपश्चात्मक ।

(C) रेखीय ।

(D) पूर्वदीप्तीय ।

**32.** स्वर विकार गरेर अर्थ उल्टिएको गुणीभूतव्यङ्ग्यको भेदलाई कस्तो किसिमको व्यङ्ग्य भनिन्छ ?

(A) इतराङ्ग ।

(B) काक्वाक्षिप्त ।

(C) वाच्यसिद्ध ।

(D) सन्दिग्धप्राधान्य ।

**33.** कुनै काव्य, नाटक आदिको अध्याय समाप्त हुँदा उल्लेख हुने वाक्य वा विशेष वाणीलाई के भनिन्छ ?

(A) पुनःश्च ।

(B) सम्पूरक ।

(C) पुष्पिका ।

(D) पुरावृत्त ।

**34.** तलका कृतिका लेखक को हुन् ? सही उत्तर चिन्हित गर्नुहोस् :

| | **लेखक** | | **कृति** |
|---|---|---|---|
| (क) | जी डब्ल्यु पी मोने | (i) | गोर्खा गीत सङ्ग्रह |
| (ख) | ए एम पठान | (ii) | गोरखाली म्यानुअल |
| (ग) | हाजीरमान राई | (iii) | बरालको आँसु |
| (घ) | बहादुरसिंह बराल | (iv) | मीठा मीठा गीत |

| | **(क)** | **(ख)** | **(ग)** | **(घ)** |
|---|---|---|---|---|
| (A) | (iii) | (iv) | (ii) | (i) |
| (B) | (iv) | (iii) | (i) | (ii) |
| (C) | (ii) | (i) | (iv) | (iii) |
| (D) | (iv) | (i) | (ii) | (iii) |

35. साहित्येतिहासका शरद्चन्द्र शर्मा भट्टराईले कुन कृतिलाई नेपाली यात्रा साहित्यको 'कोसे ढुङ्गो' मानेका छन् ?
   (A) राजा गगनीराजको यात्रा ।
   (B) जङ्गबहादुरको बेलायत यात्रा ।
   (C) बत्तीस सालको रोजनाम्चा ।
   (D) मेरो लन्दन राजतिलक यात्रा ।

36. "भानुभक्तका सबै ग्रन्थहरूको यौटा असल तथा पूर्ण संस्करणको आवश्यकता छ ।"
   - यो कथन कसको हो ?
   (A) आर एल टर्नर ।
   (B) ए टर्नबुल ।
   (C) बि एच हज्सन ।
   (D) कैलाशनाथ काट्जु ।

37. "पुत्रले हो पितालाई देवता मान्नुपर्दछ
   पुत्रलाई पिताजीले आफू नै ठान्नुपर्दछ ;
   नमानेमा नठानेमा दुवैलाई दोष लाग्दछ
   दुइटै हात चाहिन्छ करताली बजाउन ।"
   - बालकृष्ण समको पौराणिक नाटक 'ध्रुव'-मा जोइटिङ्ग्रे राजा उत्तानपादलाई यस श्लोकद्वारा कर्तव्यबोध गराउने पात्र को हुन् ?
   (A) सुरुचि ।
   (B) मन्त्री ।
   (C) नारद ।
   (D) शतशीर ।

38. 'मुनामदन' खण्डकाव्यमा मुनालाई माफ मागेपछि खलपात्र नैनी भाउजू कता गइन् ?
   (A) आत्महत्या गर्न ।
   (B) कृष्णको भजन गाउन ।
   (C) जोगिनी हुन ।
   (D) काशीवास गर्न ।

39. भीमनिधि तिवारी 'नेपाली वातावरण, नेपाली परिस्थिति, नेपाली बोलचाल, नेपाली समाज र नेपाली जीवनलाई स्पष्ट देखाएर नेपाली शैलीको मौलिकतामा लेखिएको' पहिलो नेपाली नाटक कुन मान्छन् ?
   (A) अटलबहादुर ।
   (B) मुटुको व्यथा ।
   (C) सहनशीला सुशीला ।
   (D) मुकुन्द इन्दिरा ।

40. "…….मेरो हृदयको तातो रगत त्यस समयको वातावरणलाई पद पदमा तीखो आलोचना गरिरहन्थ्यो । परन्तु महाराज चन्द्रशम्शेरको दाह्रीले बराबर मेरो कलमलाई अल्भ्फाएर अघि सर्न दिदैनथ्यो …..।"

- यो कसको कथन हो ?

(A) बालकृष्ण सम ।

(B) लक्ष्मीप्रसाद देवकोटा ।

(C) लेखनाथ पौडचाल ।

(D) गोपालप्रसाद रिमाल ।

41. अगमसिंह गिरीका काव्यमा पाइने दुखवाद इन्द्रबहादुर राईको दृष्टिमा कुन किसिमको 'दुख' हो ?

(A) दार्शनिक विचारको व्याप्ति पक्रेको ।

(B) बुद्धको दुखात्मक भावको प्रभाव पक्रेको ।

(C) मनस्प्रकृतिको ।

(D) पैतृक, पारिवारिक वा वैयक्तिक अपघात परेको ।

42. 'अभिलेखी प्राकृत' कुन हो ?

(A) धम्मपदीयको भाषा ।

(B) अशोकका अभिलेखहरूमा भएको भाषा ।

(C) खरोष्ठी लिपिमा लेखिएको भाषा ।

(D) हिट्टेली भाषा ।

43. "के छ र मेरो भन्ने दाबी ?
एक मुट्ठीभर गलेको मासु र
एक सानो बन्डल थाकेका हातहरू
त्यत्ति नै त्यत्ति पनि कुन्नि ?"

- यस कवितांशमा कस्तो दार्शनिक भाव अभिव्यञ्जित छ ?

(A) अद्वैतवादी ।

(B) सुखवादी ।

(C) देहवादी ।

(D) नियतिवादी ।

44. "भारतमा स्वामी विवेकानन्द र रामकृष्ण आदिले फुकेको जागृतिको शङ्ख लेखनाथले पनि नेपालमा फुकेका छन् ।"

- यस्तो तुलनात्मक टिप्पणी गर्ने लेखक को हुन् ?

(A) बालकृष्ण सम ।

(B) रामकृष्ण शर्मा ।

(C) वासुदेव त्रिपाठी ।

(D) केशवप्रसाद उपाध्याय ।

45. "उनी एकजना माझिएका दार्शनिक, खारिएका जीवनयात्री र प्रबुद्ध कलाकार पनि हुन् । गहिरो समाधि वा लामो जीवनयात्राबाट प्राप्त हुने अनुभूति र अझ बौद्धिकता उनीसँग छ । .... त्यसैले उनका कविताहरूमा अनुभूति, दर्शन र बौद्धिकताको परिपाक छ । यो बौद्धिक परिपाक उनका कविताको भूषण-दूषण दुवै हो।"
- यस उद्धरणमा उनी भनेर कुन नेपाली कविका विषयमा कुरा गरिएको हो ?
(A) लक्ष्मीप्रसाद देवकोटा ।
(B) बालकृष्ण सम ।
(C) ओकिउयामा ग्वाइन ।
(D) वीरेन्द्र ।

46. सडक नाटक अभियान चलाउने साहित्यिक-मण्डलीको नाउँ के हो ?
(A) आरोहण ।
(B) सडक कविता क्रान्ति ।
(C) भोककविता आन्दोलन ।
(D) सर्वनाम समूह ।

47. नेपाली साहित्यमा 'चौथो आयाम'- अभियानको थालनी गर्ने साहित्यकार को हुन् ?
(A) दुबसु क्षेत्री ।
(B) ईश्वरवल्लभ ।
(C) श्रवण मुकारुङ ।
(D) कृष्ण धरावासी ।

48. नेपाली ताङ्कालेखन अभियानले विशेष चर्चामा ल्याइरहेको 'ताङ्का' के हो ?
(A) चित्रात्मक कविता लेखन ।
(B) तीनहरफे कविता विशेष ।
(C) युग्मक कविता लेखन ।
(D) पाँच हरफे कविता विशेष ।

49. तलकामध्ये कुन-कुन साहित्यिक आन्दोलनहरू भारतीय नेपाली साहित्यकारहरूले चलाएका हुन् ?
(क) हलोक्रान्ति (ख) चौथो आयाम
(ग) सङ्क्रमणलेखन (घ) खेतकविता
(A) (क), (ख) । (B) (ख), (ग) ।
(C) (क), (ग) । (D) (ग), (घ)

50. लोकगाथाको उत्पत्तिका सन्दर्भमा 'लोकनिर्माणवादी' मतका प्रतिपादक को हुन् ?
(A) फ्रेडरिख श्लेगल ।
(B) ग्रीम-बन्धुहरू ।
(C) बिसप पर्सी ।
(D) विलियम बासकम ।

**Space For Rough Work**